# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।२३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, गढीमाई नगरपालिकाबाट आ.व. २०७६/०७७ को लागि समनपुरघाटको बालुवा, गिट्टी, ग्राभेलको आन्तरिक आय ठेक्कामा बुझाउनुपर्ने रकम नबुझाई राजस्व हिनामिना गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गढीमाई नगरपालिकाले आ.ब. २०७६।०७७ का लागि समनपुर नाकाको बालुवा, गिट्टी, ग्राभेल उत्खनन्, संकलन, बिक्री तथा निकासी कार्यको आय ठेक्काको वोलपत्र आह्वान भएकोमा बोलपत्रदाता भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रा.लि., बत्तीसपुतली, काठमाडौंले कबोल रकम रू.३,२५,००,०००।— (तीन करोड पच्चीस लाख रूपैयाँ) स्वीकृत गरी सकार गरेकोमा पूरै रकम एकमुष्ट जम्मा गरी सक्कल बैंक भौचर सहित ७ दिनभित्र सम्झौता गर्न आउन भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रा.लि., बत्तीसपुतली, काठमाडौंलाई मिति २०७६।०५।२४ गते पत्राचार भएकोमा २४ दिन पश्चात मिति २०७६।०६।१६ गते जम्मा रू.८४,६३,०००।- (चौरासी लाख त्रिसाठ्ठी हजार रूपैयाँ) मात्र दाखिला गरी सम्झौताका लागि निवेदन दिएकोमा बोलपत्र आह्वानको सूचनामा उल्लेखित शर्त तथा बन्देज विपरीत उक्त कम्पनीले सम्झौताको लागि निवेदन दिएको मितिभन्दा एक दिन अघि कै मिति (२०७६।०६।१५) मा रू.१,००,००,०००।- (एक करोड रूपैयाँ) रकम दाखिला भइसकेको भनी झुट्टा बेहोरा उल्लेख गरी टिप्पणी उठाई पेश भएकोमा नगर प्रमुखले टिप्पणी स्वीकृत गरी सूचनाको शर्त र बन्देजमा रहेको व्यवस्था विपरीत १ महिनाको लागि १०,००० घनमिटर नदिजन्य पदार्थ उत्खनन, संकलन, बिक्री र निकासी गर्न सम्झौता गरी अस्थायी चलन पुर्जी दिएकोमा ५४,३५५.०० घनमिटर उत्खनन र निकासी गराई रू.३,३२,६९,७८९।५८ (तीन करोड बत्तीस लाख उनन्सत्तरी हजार सात सय उनान्नब्बे रूपैयाँ र पैसा अन्ठाउन्न) बराबरको लाभ हासिल गरे गराएको देखिएको, साथै मिति २०७६।०९।१६ गतेसम्ममा रू.१,०९,६३,०००।- (एक करोड नौ लाख त्रिसाठी हजार रूपैयाँ) मात्र दाखिला गरी उक्त ठेक्का सम्झौता बापत बुझाउन बाँकी रू.२,१५,३७,०००।-(दुई करोड पन्ध्र लाख सैंतीस हजार रूपैयाँ) र ठेक्काको सम्झौता बमोजिम कबोल अंकको हुन आउने मूल्य अभिबृद्धि कर वापतको रकम रू.४२,२५,०००।- (बयालीस लाख पच्चीस हजार रूपैयाँ) गरी जम्मा रू.२,५७,६२,०००।- (दुई करोड सन्ताउन्न लाख बसाठ्ठी हजार रूपैयाँ) रकम दाखिला नगरी नेपाल सरकार/गढीमाई नगरपालिका, रौतहटलाई हानिनोक्सानी पुऱ्याई राजस्व चुहावट गरेको तथा रकम दाखिला नहुँदै दाखिला भैसकेको भनी गलत प्रतिवेदन दिने कार्यसमेत गरेको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गढीमाई नगरपालिका, रौतहटका नगर प्रमुख **श्याम प्रसाद यादव** | रू.२,५७,६२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको भ्रष्टाचारजन्य कसुरमा बिगो रू. दुई करोड सन्ताउन्न लाख बैसठ्ठी हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना सजाय हुन साथै निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ |

| | | | |
|---|---|---|---|
| | | | (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लेखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | गढीमाई नगरपालिका, रौतहटका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **शुभाष कुमार ठाकुर** | रू.२,५७,६२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको भ्रष्टाचारजन्य कसुरमा बिगो रू. दुई करोड सन्ताउन्न लाख बैसठ्ठी हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ३. | गढीमाई नगरपालिका, रौतहटका तत्कालीन राजस्व शाखाका प्रमुख **बालकिशोर राय** | रू.२,५७,६२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको भ्रष्टाचारजन्य कसुरमा बिगो रू. दुई करोड सन्ताउन्न लाख बैसठ्ठी हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना सजाय हुन साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिएकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ४. | **भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रा.लि., बत्तीसपुतली, काठमाडौं** तथा उक्त कम्पनीका मुख्य भई कार्य गर्ने **राधेश्याम साह** | रू.२,५७,६२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको कसुरजन्य कार्यको गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो रू. दुई करोड सन्ताउन्न लाख बैसठ्ठी हजार रूपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम बिगो रकमको दोब्बर जरिवाना हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने